सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर
राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन


## गाडि रिर्जभ चाहिएमा



डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४
९८५२८३७५८२


■ बर्ष-१५, ▸▸ अंक ३४६ ▸▸ असार २१ सोमबार,२०७८, July– 5 Monday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com



बेलका नगरपालिकाको रामपुर बजारस्थित विगत ३ बर्ष अघि देखि ब्यावारीसे अवस्थामा रहेको सडक सोलार प्यानल *तस्विर - बुद्धि कुमार राई।*

# सिसी क्यामेरा बिग्रेकाले प्रहरी समस्यामा

❖ बुद्धि कुमार राई

*त्रियुगा, असार २०*

उदयपुर जिल्लाको सदरमुकाम रहेको गाइघाट बजारको अधिकाङश सिसि क्यामेरा (क्लोज सर्किट) ले काम गर्दैनन्। १६ वटा वडा रहेको त्रियुगा नगरपालिकाभरी जम्मा ३८ वटा सिसि क्यामेराहरु छन।

नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारमा १६ वटा, वडानम्बर१० बोक्सेमा १६ वटा, वडा नम्बर ६ जलजले लालपत्ता छेत्रमा ४ वटा, वडा नम्बर१२ पुरानो गाईघाट पुलचोकमा १ वटा, वडा नम्बर ३ डियमगेट मोतिगडामा २वटा र वडा नम्बर १३ पुरानो गाईघाट असारीमा दुई वटा सिसि क्यामेराहरु छन।

यी मध्ये १६ वटा सिसि क्यामेराहरुले मात्र काम गरिरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरको तथ्याङकले जनाएको छ। नगरपालिका भित्रका २२ वटा सिसि क्यामेराहरुले काम गर्दैन।



बेलका नगरपालिका परीसरमा रहेको सिसी क्यामरा

२ बर्ष अघिदेखि जडान गरिएको सिसि क्यामेराहरु अहिले अधिकाङ्श बिग्रेको कारण बजारको निगरानीमा समस्या आइरहेको छ।

अहिले गाईघाटको मुख्य चोकको ३ वटा, गाईघाट लोकतान्त्रिक पिपपचोक, आँखा अस्पताल बोक्से, बैङक लाइन गाईघाट, टेम्पु चोक गाईघाट, अस्पताल चोक, जिल्ला प्रशासन कार्यालय उदयपुरको ४ वटा, अस्पताल चोक बोक्से, कबडहल बोक्से, जिल्ला प्रहरी कार्यालय उदयपुर परिसर दुई वटा, जलजले चोक दुई वटा क्यामेराहरुले मात्र काम गरिरहेको छ।

काम नगर्ने सिसि क्यामेराहरुमा झमेली चोक गाईघाट, त्रियुगा बसपार्क, एसके पेट्रोल पम्प, पिजि चोक, डियमगेट, बोक्से चोक, मालपोत कार्यालय बोक्से जाने चोक, जिल्ला कारागार जाने चोक, जिल्ला प्रशासन कार्यालय जाने चोक, गाईघाट मुख्य चोक, पुरानो गाईघाट चोक, बरुवा खोला असारी पुल, तरकारी बजार जाने बाटो, गाईघाट पिपल चोक, करमगाछी चोक, ढिम्की मन्दिर, साउने जाने बरुवा खोलाको पुल, बाबरी जाने बाटोको पुल, सिमलटार जाने बाटो, जलजले ढाट, लालपत्ता प्रहरी चौकीको ढाटको सिसि क्यामेराहरु चल्दैनन्।

सिसि क्यामेराको मर्मत सम्भारको बारेमा नगर प्रमुख मेयर बलदेब चौधरीले सिसि क्यामेरा जिल्ला प्रहरी कार्यालय उदयपुरको जिम्मा भएकोले उनिहरुलेनै सिसि क्यामेरा बनाउन पहल गर्नु पर्ने बताय। मेयर चौधरीले सिसि क्यामेरा चाँडो बनाउनु पर्ने र यसको लागि नगरपालिकाले सहयोग गर्ने बताय।

पहिले सिसि क्यामेरा जडान गर्ने समयमा बजार

-बाँकी २ पेजमा


## हार्दिक श्रद्धाञ्जली !



जन्म
बि.स. - २०२८-१०-५

स्वर्गारोहण
बि.स. - २०७८-३-११
शुक्रबार

स्वर्गिय - सप्तसरा राई (मैया)

हाम्रो छोरी, बहिनी,नाना,तिम्मा, छयामा **मैया (सप्तसरा)** चामलिङ राइ उदयपुर जिल्ला तत्कालिन आपटार गाबिस वडा नम्बर ६ तिल्केटार हालको रौतामाई गाउपालिका वडा नम्बर ५ तिल्केटारमा बि.स. २०२८ साल माघ ५ गते जन्म भई २०७८ साल असार ११ गते शुक्रबार उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नम्बर ३ मोतिगडामा असामायिक निधन प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछौ।

आमाहरु - तुलाहिरा, सुनामती, अगमसरी, धुसुमाया, साबित्रा राई
दिदिहरु- सार्कीमती, लक्ष्मी, पदमसरी, कर्णमती, भक्तसरा चामलिङ राई
भाई-बुहारीहरु - पेशल-कल्पना, कृष्ण-सानुमा, मुक्ति-गोनु,बुद्धि, थमान-तारा, दुर्गा-आरती,ध्यान,सरोज-अनु चामलिङ राई
बहिनीहरु - बिमला, उषा, आशा, सिता, माया चामलिङ राई
भदैनीहरु- अल्का, आयुषा, ओजश्वी चामलिङ राई
भदैहरु-भुबन, प्रजल, पवन, प्रशान्त, सुवन, प्रवेश, युवन, आर्यल, जियम चामलिङ राई, छोराछोरी - अमर, मेलिना चामलिङ राई
बहिनी-रेनुका बान्तावा, छोरी - मुना चामलिङ राई
तथा सम्पुर्ण दिखुवाछा चामलिङ राई परिवार



## भिमरैता हस्पिटलको सेवा गाईघाटमा



हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ।

स्थान. गाईघाट असारी रोड। सम्र्पक.९८१६७४५६१७

हाम्रा सेवाहरु-
१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी( बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह( स्त्री रोग बिशेषज्ञ)
६, डा.रबिन्द्र चौधरी( वरिष्ठ फिजिसियन
७, डा. बलेश्वर यादव( नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
६, डा. सुवास कुमारचौधरी( MBBS) युरोसर्जन

## सिसी.....

क्षेत्रको सिसि क्यामेराको निगरानी गर्न नगरपालिकाको कार्यालय भित्र पनि नियन्त्रण कक्ष राख्न मेयर चौधरीले अनुरोध गरेको बताए। तर गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको निर्णयले जिल्ला प्रहरी कार्यालयमा मात्र सिसि क्यामेराको निगरानी गर्ने व्यबस्था मिलाएको मेयर चौधरीले बताए।

जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरीक्षक एसपि भिम बहादुर दाहालले सिसि क्यामेरा स्थानिय सरकार, नगरबासी, टोलबासिको सुरक्षाको लागि आबश्यक भएको कारण स्थानिय सरकारले बनाउन पहल गर्नु पर्ने बताए। एसपि दाहालका अनुसार अहिले भएको सिसि क्यामेराको गुणस्तरमा पनि सन्तोसजनक नरहेको गुनासो गरे।

एसपि दाहाल का अनुसार क्यामेरा बनाउनको लागि जिल्ला प्रहरी कार्यालय संग कुनै बजेट नरहेकोले प्रहरी आफैले एक्लैले मर्मत सम्भार गर्न नसक्ने बताए। कुनै घटना भयो भने गाडिको प्लेट नम्बर हेर्न क्यामेराले राम्रो सङ्ग खिच्न नसक्ने बताए।

अहिले भईरहेको क्यामेरा मर्मत गरी अब अन्य सिसि क्यामेरा जडान गर्दा अझ क्षमतावान र गुणस्तरीय क्यामेरा राख्न उनले अनुरोध गरे। त्रियुगा उधोग बाणिज्य सङघका अध्यक्ष गजेन्द्र भगतले सिसि क्यामेरा बनाउन चाँडै पहल र सहयोग गर्ने बताय।

त्रियुगा नगरपालिका वडा नम्बर १० का वडाध्यक्ष प्रकाश खड्काले सिसि क्यामेरा बनाउन आफ्नो वडा सहयोग गर्न सकारात्मक रहेको र सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे।

# मुलुकी दैनिकले समाचार लेखेपछि भत्किनबाट जोगिएको बेलकाको गीदेरी खोला पुल








## बेलका......

प्रादेशिक सञ्चार प्रतिष्ठान बिराटनगरका कार्यकारी निर्देशक यज्ञ शर्माले जनताका मन छुनेरर आधारभुत समस्याको समाधान हुने गरी नगरपालिकाले आफ्ना गतिबिधी अगाडी बढाएकोमा खुशी व्यक्त गरे।


राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ का निर्देशक नितु गड्तौलाले नगरपालिकाले सन्तुलित विकासको अवधारणा सारेकोमा धन्यवाद दिईन्। उनले विकासका कामलाई मानवअधिकारमैत्रीको रुपमा अन्य सहभागिहरुले सुझावहरु दिएका थिए। उनीहरुले विकास निर्माणदेखि लिएर नगरका सबै गतिबिधि मानवअधिकार मैत्री हुनु पर्नेमा जोड दिए।

सोही अवसरमा नगरपालिकाले सञ्चालन गर्न लागेको निरन्तर अघि बढाउन सुझाव दिईन्। नेपाल पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लिलाबल्लव घिमिरेले सञ्चारको क्षेत्रलाई समेटेर विकास निर्माणका कामलाई अघि बढाउन सुझाव दिएको बताए। अन्तरक्रियामा अक्सिजनप्लाण्टलाई इन्सेकले ५१ हजार सहयोग गरेको छ। उक्त चेक प्रदेश संयोजक थापाले मेयर थापा र उपमेयर चौधरीलाई हस्तान्तरण गरे। त्यसैगरी बेलका नगरपालिका १ का स्वास्थ्यचौकीलाई १ कठ्ठा जग्गा दान गर्नुहुने जग्गादाताउत्तमकुमार विष्टलाई मेयर थापाले दोसल्ला ओढाएर सम्मान गरेका थिए।



| | |
|---|---|
| १, आलु रु ३० | १७, लोकलबोडि रु ८० |
| २, अदुवा रु १२० | १८, खर्बुजा रु ४० |
| ३, टमाटर रु ६० | १९, रायो साग रु १०० |
| ४, बन्दा रु ५० | २०, लट्टे साग रु ६० |
| ५, भेन्टा रु ४० | २१, प्याज रु ५५ |
| ६, खुर्सानी रु ८० | २२, निगुरो रु २५ |
| ७, मुला रु ४० | २३, दुध रु ७० |
| ८, पर्वल रु ६० | २४, दहि रु ९० |
| ९, तितेकरेला रु४० | २५, महि रु ५० |
| १०, भिन्डी रु ४० | २६, घिउ रु ७०० |
| ११, च्याउ रु २०० | २७, रागाको मासु रु ४०० |
| १२, फुलकोबी रु १०० | २८, बंगुरको मासु रु ४०० |
| १३, फर्सि रु ५० | २९, खसिको मासु रु १००० |
| १४, कटहर रु ४० | ३०, कुखुराको मासु रु ३२० |
| १५, काका रु ४० | |
| १६, धनियाँ रु ८० | |


# सगरमाथा
## डिपाटमेन्ट स्टोर
## गाईघाट, उदयपुर






प्रोपाइटर - किरण चामलिङ राई

# बिके किराना पसल



## ३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको, होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर। ***प्रोपाइटर* - भरत चामलिङ राई**

सम्पर्क - ९८६८१९८५२४ / ९८०२२१५२९६

# बेलकामा प्रदेश १ का नेताको लर्को

❖ मुलुकी संवाददाता

*उदयपुर,असार २०*

राजनीतिक अधिकारको लडाई सकिएकाले मानवअधिकारको अव मुद्दा आर्थिक, सामाजिक र सास्कृतिक अधिकारको हुनु पर्ने एक कार्यक्रमका सहभागिहरुले बताएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र मानव अधिकार समुहले बेलका नगरपालिकामा आयोजना गरेको स्थानीय सरकार र अन्य सरोकारवालासँगको अन्तरक्रियामा सहभागिहरुले यस्तो बताएका हुन् । उनीहरुले राजनीतिक अधिकारको मुद्दाले उपलब्धि हासिल गरिसकेकाले मानवअधिकारकर्मीले अव जनताको समृद्धिको चाहानालाई संस्थागत गर्ने गरी अभियान थाल्नु पर्ने सुझाब दिए । संबिधानले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका केहि मुद्दाहरु समेटेपनि त्यसको संस्थागत विकास हुन नसकेकाले त्यसतर्फ ध्यान केन्द्रित हुनु पर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा इन्सेकका प्रदेश प्रमुख सोमराज थापाले बेलका नगर क्षेत्रको शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारलाई संस्थागत गर्न इन्सेकले विगत दुई बर्षदेखि अभियान सुरु गरेको बताए । उनले गाउँघरका समस्यादेखि लिएर नीतिगत सुधार गर्न इन्सेकले नगरपालिकालाई सहयोग गर्दै आएको बताए ।

थापाले भने, 'अवको मुद्दा गरिवी मुक्ती, शिक्षामा समानता, सबैले सुरक्षित घरमा बास बस्न पाउने, जनता भोकै बस्ने अवश्था नआउने गरी मानवअधिकारका अभियान सञ्चालन गर्नु पर्छ ।रु



बेलका अक्सिजन प्लानकालागी इन्चेक १ नम्बर प्रदेस प्रमुख सोमवहादुर थापाबाट नगद ५१ हजारको चेक लिदै बेलका नगरपालिका प्रमुख दुर्गाकुमार थापा र उपप्रमुख राजकुमारी थापा । *तस्विर - मुलुकी दैनिक*

त्यसक्रममा नगरपालिकाका मेयर दुर्गाकुमार थापाले नगरपालिकाले मानवअधिकार क्षेत्रमा गरेका कामहरुको सहभागिहरुलाई जानकारी दिएका थिए । उनले आर्थिक अभावमा घर बनाउन नसकेकालाई आवास कार्यक्रममार्फत घर बनाइएको, खाद्यान्न अभाव झेलीरहेका परिवारलाई नीतिगतरुपमै कोही पनि भोकै नबसुन भनेर मासिक १५ केजी चामल, नुन, तेल, दाल, चना लगायतका उपभोग्य सामग्री उपलब्ध गराइएको बताए ।

त्यस्तै खाद्यान्नका क्षेत्रमा चक्लाबन्दी कृषि खेती, जग्गा नहुनेहरुलाई खेती गर्न सहकारीमार्फत जमिन उपलब्ध गराइएको, माछा, बाखा, व ं ग ु र प ा ल न ल ा इ ं प्राथामिकताकासाथ अनुदान सहयोग गरिएको, एक सयभन्दा बढि साना उद्योगलाई अनुदान तथा सिप सिकाइ रोजगारमुलक कार्यक्रम सञ्चालन गरिएको मेयर थापाले बताए ।

गुणस्तरिय शिक्षाका लागि सबै सामुदायिक बिद्यालयमा थप अग्रेजी शिक्षकको व्यवस्था गरी बोल्ने सिप सिकाइएको, कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहुन भन्ने उदेश्यले केहि सामुदायिक बिद्यालयमा नमुनाको रुपमा स्कुल बस सञ्चालन गरी बालबालिकालाई सहयोग गरिएको बताए ।

हनगरपालिकाको लगानीमा नगर अस्पताल, सर्पदंश उपचार केन्द्र, आयुर्वेदिक अस्पताल, सबै वडामा सहरी स्वास्थयचौकी स्थापना गरी उपचार सेवालाई प्रभावकारी बनाइएको, नगरपालिकाका संरचनालाई मानवअधिकार मैत्री बनाइएको, सबै भवन अपाङ्गमैत्री रहेको मेयर थापाले बताए इन्सेकले नगर क्षेत्रमा गठन गरेको मानव अधिकार समुहले बेलामौकामा शिक्षा, स्वास्थ्य, खाद्य र आवास अधिकारका क्षेत्रमा निरन्तर गरेको खवरदारी र समुदायलाई गरेको सचेतिकरणले पनि यस्ता गतिबिधि सञ्चालन गर्न प्रेरणा मिलेको उनले बताए ।

समुहमार्फत टोल टोलमा भएका कार्यक्रममा आफुहरु जाँदा सवालहरु उठने गरेको र त्यसलाई नगर कार्यपालिकाको बैठकमार्फत सम्बोधन गर्ने गरेको बताए । कार्यक्रममा उपमेयर राजकुमारी चौधरीलहहमुद्दाहरु मेलमिलापको माध्यमबाट समाधान गर्ने गरेको र गम्भिर प्रकृतिका मुद्दालाई प्रहरीमार्फत मुद्दा प्रकृया अगाडी बढाइएको बताईन् ।

*बाकी २ पेजमा-*

## युरोकपको......

जितेको र त्यसपछि राम्रो रक्षात्मक रणनीति अपनाएकोले खेल जितेको कुरा बताएका थिए ।

नभन्दै सुरुवाती गोलपछि रक्षामा नै जोड दिएको डेनमार्कले खेल अवधिभर ४५ प्रतिशतमात्र बल नियन्त्रणमा लिएको थियोभने चेक रिपब्लिकले ५५ प्रतिशत बल नियन्त्रणमा राख्न सफल भएको थियो । त्यसबाहेक डेनमार्कले खेल अवधिभर कुल ११ सट प्रहार गर्दा चेक रिपब्लिकले १६ शट प्रहार गरेपनि खेलमा बाजी मार्न सकेन ।

उसो त डेनमार्क फिफा वरियतामा १० औं स्थानमा छ भने चेक रिपब्लिक ४० औं स्थानमा छ। ईतिहाँस पल्टाएर अहिलेसम्मको हेड टु हेड हेर्ने होभने यी दुई टोली बराबरी नै देखिन्छ ।

यो नतिजासहित डेनमार्कले चेक रिपब्लिकसँग तीनमा जीत तीनमा हार र छ बराबरी खेलेको छ । डेनमार्कविरुद्ध चेक रिपब्लिकका लागि एक गोल फर्काउने प्याट्रिक सिकको जारी प्रतियोगितामा यो पाँचौ गोल हो ।

उनी पोर्चुगलका क्रिश्चियानो रोनाल्डोसँगै समान पाँच गोलले गोलकर्ताको शिर्षास्थानमा छन् । यद्दपि समान गोल भएपनि एक गोलको लागि पास मिलाइदिएको हुनाले रोनाल्डोको गोल्डेन बुट जित्ने सम्भावना अलिक बढी छ । तर रोनाल्डोको पोर्चुगल र सिकको चेक रिपब्लिक नै प्रतियोगिताबाट बाहिरिएको हुनाले गोल्डेन बुट अरुलेपनि जित्न सक्नेछन् ।

यूरोकपअघिको छनौटमा चेक रिपब्लिक समुह ए र डेनमार्क समुह डी को उपविजेता बन्दै छनौट भएर यूरोकप खेल्न आएका थिए । यूरोकपमा आइसकेपछि डेनमार्क समुह बी र चेक रिपब्लिक समुह डी मा परेको थियो। समुहमा एक जीत, एक हार र एक बराबरी खेलेको चेक रिपब्लिक समुहमा तेस्रो भएपनि उत्कृष्ट तेस्रो हुने टोलीमा पर्दै नकआउट चरणमा आइपुगेको थियो । समुह उपविजेता बन्दै नकआउट चरणमा आएपनि डेनमार्कको चेक रिपब्लिकजस्तो राम्रो प्रदर्शन थिएन ।

समुहका सुरुका दुई खेल हारेपनि अन्तिम खेल जितेपछि र बाँकी टोलीको नतिजा पनि आफ्नू अनुकुल आएपछि डेनमार्क नकआउट चरण आइपुगेको थियो । एकखेलमात्र जितेर नकआउट चरण आइपुगेको डेनमार्कले त्यसपछि भने राम्रो लय समात्दै आएको छ ।

नकआउट चरणमा आएपछि शिर्ष १६ अर्थात प्रि-क्वाटरफाइनलमा वेल्सलाई ४-० को फराकिलो अन्तरले स्तब्ध पारेको थियो । क्वाटरफाइनलमा चेक रिपब्लिकलाई २-१ ले पराजित गरेसँगै डेनमार्कले अब सेमिफाइनलमा इंग्ल्याण्डसँगको भेट पक्का गरेको छ ।







त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:-**बिनोदकुमार पाण्डे**
सम्पर्क:- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

**सस्तोमा गिफ्टका सामान र गडीया**

**खुवालुङ गुडीया सप्लायस**



त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*
यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।



प्रोपाइटर - कैलाश चामलिङ राई । सम्पर्क - ९८६२८३४६५६ ९८४२९८३५१०








**एस एण्ड एस सप्लायर्स**

त्रिनपा - १० बोक्से यलम्बरटोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ। साथै राँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ ।
प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२

# युरोकपको क्वाटरफाइनल पुरा सेमिफाइनल पुग्ने सबै टोलीको टुंगो

❖ बिबेक राई

*गाईघाट, असार २०*

*इंग्ल्याण्डले युक्रेनलाई ४-० र डेनमार्कले चेक रिपब्लिकलाई २-१ ले पराजित गरेसँगै सेमिफाइनल पुग्ने टोलीको टुंगो लागेको हो । ईटाली र स्पेन यसअघि नै आ-आफ्ना खेल जितेर सेमिफाइनल पुगिसकेका छन् । स्पेनले स्वीजरल्याण्डलाई १-१ को बराबरीपछि टाईब्रेकरमा ३-१ र ईटालीले बेल्जीयमलाई २-१ ले पराजित गरेको थियो । नेपाली समयअनुसार आईतबार बिहान १२:४५ बजे भएको खेलमा इंग्ल्याण्ड सुरुवाती मिनेटमा नै अग्रता लिन सफल भएको थियो । चौथो मिनेटमा नै कप्तान ह्यारी केनले गोल गर्दै टोलीलाई अग्रता दिलाएका*

१६ औं यूरोकपमा आईतबार बिहान भएको खेलसँगै क्वाटरफाइनल समिकरण पुरा भएको छ । यससँगै सेमिफाइनल पुग्ने चारै टोलीको टुंगो लागेको छ ।

इंग्ल्याण्डले युक्रेनलाई ४-० र डेनमार्कले चेक रिपब्लिकलाई २-१ ले पराजित गरेसँगै सेमिफाइनल पुग्ने टोलीको टुंगो लागेको हो । ईटाली र स्पेन यसअघि नै आ-आफ्ना खेल जितेर सेमिफाइनल पुगिसकेका छन् । स्पेनले स्वीजरल्याण्डलाई १-१ को बराबरीपछि टाईब्रेकरमा ३-१ र ईटालीले बेल्जीयमलाई २-१ ले पराजित गरेको थियो ।

नेपाली समयअनुसार आईतबार बिहान १२:४५ बजे भएको खेलमा इंग्ल्याण्ड सुरुवाती मिनेटमा नै अग्रता लिन सफल भएको थियो । चौथो मिनेटमा नै कप्तान ह्यारी केनले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । पहिलो हाफ डटेर खेलेको युक्रेनले दोस्रो हाफमा भने लगालग थप तीन गोल खायो ।

दोस्रो हाफको सुरुवातमा नै डिफेन्डर ज्याकोब म्यागुरले गोल गरेपछि ४६ औं मिनेटमा इंग्ल्याण्ड अग्रतालाई दोब्बर बनाउन सफल भयो । ५० औं मिनेटमा फेरी कप्तान ह्यारी र ६३ औं मिनेटमा जोर्डन हेन्डर्सनले गोल गरेपछि इंग्ल्याण्ड ४-० को जीत पक्का गर्न सफल भयो । इंग्ल्याण्ड र युक्रेनको खेलअघि भएको डेनमार्क र चेक रिपब्लिकको खेलमा डेनमार्क २-१ ले विजयी भएको थियो ।शुक्रबार राती ९:४५ बजे सुरु भएर मध्यराती सकिएको खेलमा डेनमार्कले पनि खेलको सुरुवाती मिनेटमा नै अग्रता लिएको थियो ।

पाँचौं मिनेटमा मिडफिल्डर थोमस डिलानेले हेडगोल गर्दै डेनमार्कलाई अग्रता दिलाएका थिए । डिफेन्डर जेन्स स्ट्रीगरको उत्कृष्ट कर्नर प्रहारमा उनले गरेको हेडिङमा बलले मैदानमा लाग्दै बाउन्स हुँदै जाली चुमेको थियो । उनी नै खेलपछि स्टार अफ द म्याच चुनिए ।

४२ औं मिनेटमा डिफेन्डर जोयकिम माइलेको पासमा कासपर डलबर्गले गोल गरेपछि डेनमार्क पहिलो हाफमा २-० को सहज अग्रता लिन सफल भएको थियो । पहिलो हाफमा नै दुई गोलले पछि परेपछि चेक रिपब्लिकले हाफ टाइममा एकैपटक दुई परिवर्तन गऱ्यो ।

दोस्रो हाफ सुरु हुनुसाथ प्रशिक्षक जारोस्लाभ सिलहाभीले टोमाज होल्सलाई निकाल्दै ज्याकुब ज्यांकटो र लुकास मासोपुस्टलाई निकाल्दै माइकल क्रेमेनसिकलाई पठाए । त्यसको तीन मिनेटपछि ४-२-३-१ को रणनीति अपनाएको चेक रिपब्लिक गोल फर्काउन सफल पनि भयो ।

डिफेन्डर भ्लादिमिर कौफलको पासमा प्याट्रिक सिकले ४९ औं मिनेटमा गोल गरेपछि चेक रिपब्लिकले खेलमा फर्कने छाँट देखाएको थियो । तर गोल फर्काउन नसकेपछि प्रशिक्षक कासपर हुलमान्दको टोली डेनमार्क २-१ को जीत हातपार्न सफल भयो ।

डेनमार्क ३-४-२-१ को रणनीतिमा मैदान उत्रिएको थियो । खेलपछि चेक रिपब्लिकका कप्तान भ्लादिमिर डारिडाले विपक्षी टोलीलै सुरुका गोल मद्दतमा खेल

बाकी ३ पेजमा-







प्रोपाईटर - अगम चामलिङ राई, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।

## नारायणी ग्याँस
### गाईघाट,डिलर, उदयपुर






## नारायणी ग्याँस
### गाईघाट,डिलर, उदयपुर

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।





माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट